बैठक संख्या :- १४९
मिति :- २०८०।०७।२३ (बिहिबार)
समय :- साँझ ०५:३० बजे

**प्रस्तावहरु :**

१. भुकम्प पिडितका लागि सहयोग सम्बन्धमा,
२. सिन्धुलीगढी दिवस सम्बन्धमा,
३. नगर प्रमुखसँग जनता स्वास्थ्य कार्यक्रम सम्बन्धमा,
४. सवारी मर्मत सम्बन्धमा,
५. सिन्धुली जिल्ला अस्पताललाई १०० शैयाको अस्पतालमा स्तरोन्नती गर्न माग सम्बन्धमा ।



CamScanner

बैठक संख्या :- १४९
मिति :- २०८०।०७।२३, बिहिबार
समय :- साँझ ५:३० बजे

कमलामाई नगर कार्यपालिका प्रमुख श्री उपेन्द्र कुमार पोखरेल ज्यू को अध्यक्षतामा निम्नानुसारको उपस्थीतिमा कार्यपालिकाको बैठक बस्यो ।

## उपस्थिति

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | नगर उप-प्रमुख |
| श्री नरेश गोले | वडा अध्यक्ष १ |
| श्री ईन्द्र वाईवा | वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडा अध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खड्का | वडा अध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ्ग | वडा अध्यक्ष ७ |
| श्री कोमल कुमार श्रेष्ठ | वडा अध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडा अध्यक्ष ९ |
| श्री दिप बहादुर कार्की | वडा अध्यक्ष १० |
| श्री रामबहादुर थिङ | वडा अध्यक्ष ११ |
| श्री भिमबहादुर गुर्मछान | वडा अध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडा अध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडा अध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री देवि देवकोटा | कार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री भद्रीमाया हायु | कार्यपालिका सदस्य |
| श्री मान बहादुर दमाई | कार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | कार्यपालिका सदस्य |
| श्री सुर्य प्रसाद दाहाल | सचिव (प्र.प्र.अ.) |



CamScanner

## प्रस्तावहरु :

१. भुकम्प पिडितका लागि सहयोग सम्बन्धमा,
२. सिन्धुलीगढी दिवस सम्बन्धमा,
३. नगर प्रमुखसँग जनता स्वास्थ्य कार्यक्रम सम्बन्धमा,
४. सवारी मर्मत सम्बन्धमा,
५. सिन्धुली जिल्ला अस्पताललाई १०० शैयाको अस्पतालमा स्तरोन्नती गर्न माग सम्बन्धमा,

## सहयोगी कर्मचारी :

- टेकेन्द्र कुमार कार्की, आर्थिक प्रशासन शाखा प्रमुख,
- अशोक चालिसे, सूचना प्रविधि शाखा प्रमुख,
- दिपेस के.सी., सहायक स्तर पाँचौं, प्रशासन शाखा
- अजय प्रधान, क.अ., (सहायक स्तर पाँचौं)

## निर्णयहरु

**निर्णय नं. १ :** हालै जाजरकोट र रुकुम पश्चिम लगायतका क्षेत्रमा गएको भुकम्पमा परी पिडित भएका व्यक्तिहरुका लागि कमलामाई नगरपालिकाको तर्फबाट सहयोग स्वरुप रु. ५,००,०००।- (अक्षरुपी पाँच लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो । उक्त रकम नगरपालिकाको आ.व. २०८०/०८१ मा फुटकर विविध चालु शीर्षकमा विनियोजित बजेटबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २ :** कमलामाई नगरपालिकाले प्रत्येक वर्षको कार्तिक २४ गते मनाउँदै आएको विजयोत्सव समारोह यस वर्ष जाजरकोट जिल्ला र वरपर आएको विनासकारी भुकम्पको कारण भएको धनजनको क्षतिले सिर्जित दुःख विनास, शोक र पिडाको अवस्थालाई मध्यनजर गरेर कमलामाई नगरपालिकाले उक्त ऐतिहासिक दिवसलाई सामान्य र सांकेतिक रुपमा मात्र मनाउने निर्णय गरियो । यस समारोहमा नगरपालिकाले आमन्त्रण गरिएका प्रमुख अतिथि विशेष अतिथीहरु एवं अतिथीहरुलाई यस सम्बन्धमा सूचित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** आ.व. २०८०/०८१ मा नगर प्रमुखसँग जनता स्वास्थ्य कार्यक्रम शीर्षकमा रु. ५,००,०००।- (पाँच लाख) विनियोजन भएको र उक्त शीर्षकमा विनियोजित बजेट कार्यान्वयन गर्न वर्तमान आवश्यकता र समस्यालाई विश्लेषण गरी सिन्धुली अस्पतालबाट निःशुल्क भित्र नपर्ने विपन्न नागरिकको अत्यावश्यक शल्यक्रिया र मृगौला रोगीहरुको डायलाइसिसको लागि अस्पतालसँग सहकार्य गरी कार्यक्रम संचालन प्रस्तावमा उल्लेख भए अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं. ४ : सवारी साधन तथा यान्त्रीक उपकरण संचालन समितिको मिति २०८०/७/१५ को निर्णयानुसार दुई पांग्रे साधनको मर्मत सम्बन्धमा र चार पांग्रे वा सो भन्दा माथीको सवारी साधनको मर्मथत सम्बन्धमा निम्नानुसार निर्णय गरियो ।

क. पालिकाको श्रावण देखी असोज सम्म भएको मर्मत र ईन्धनमा भएको खर्च माथि छलफल गरियो ।

ख. पालिका भित्र रहेका यान्त्रीक उपकरणहरुको सचालन एवम मर्मत सम्बन्धी मापदण्ड वा कार्यविधि तयार गर्ने निर्णय गरियो ।

ग. पालिका भित्र रहेका यान्त्रीक उपकरणहरुको सचालन एवम मर्मत सम्बन्धी निम्न अनुसार समिति स्वीकृत गरियो ।

प्रस्तावित समिति

१. श्री उज्जवल कुमार थापा – सयोजक
२. श्री ईन्द्र बहादुर वाईवा – सदस्य
३. श्री जमुना कुमारी श्रेष्ठ – सदस्य
४. श्री ईश्वर बहादुर दर्लामी – सदस्य - सचिव

आवश्यक्ता अनुसार पदाधिकारीहरु तथा शाखा प्रमुखहरु लाई वैठकमा वोलाउन सकीने छ ।

घ. प्रस्तावित समितिका काम, कर्तव्यहरु निम्न अनुसार हुने निर्णय गरियो।

- कार्यालयको वाईक मर्मत सम्बन्धमा रु. ५०००।– सम्म प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने र सो माथि प्राविधिक लागत अनुमान आयमा समिति समक्ष पेश गर्ने ।
- कार्यालयको चार पाङग्रे साधान मर्मत सम्बन्धमा रु. २००००।– (बिस हजार) सम्म प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने र सो भन्दा माथि प्राविधिक लागत अनुमान आयमा समिति समक्ष पेश गर्ने ।
- कार्यालयको टीपर साधान मर्मत सम्बन्धमा रु. २००००।– (बिस हजार) सम्म प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने र सो भन्दा माथि प्राविधिक लागत अनुमान आयमा समिति समक्ष पेश गर्ने ।
- कार्यालयको व्याक हो लोडर साधन मर्मत सम्बन्धमा रु. २००००।– (बीस हजार) सम्म प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने र सो भन्दा माथि प्राविधिक लागत अनुमान आयमा समिति समक्ष पेश गर्ने ।

CamScanner

**निर्णय नं. ५ :** सिन्धुली जिल्ला अस्पताललाई १०० शैयाको अस्पतालमा स्तरोन्नती गर्नको लागि सम्बन्धीत निकायमा माग गरी पत्राचार गर्ने निर्णय गरियो ।